प्रेस विज्ञप्ति

आज मिति २०७७/०५/०२ गते मंगलबार माननीय अर्थमन्त्री डा.युवराज खतिवडाज्यूको समुपस्थितिमा अर्थ मन्त्रालयबाट चालु आर्थिक बर्ष २०७७/७८ को सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना अनुरूप श्रावण महिनामा भएका कामकारवाहीहरूको प्रगति समीक्षा सम्पन्न भयो ।

अर्थ मन्त्रालयमा आयोजित प्रगति समीक्षमा अर्थमन्त्री डा.खतिवडाले समग्र बजेट कार्यान्वयन गर्ने जिम्मेवारी र नेतृत्वदायी भूमिका अर्थ मन्त्रालयको भएको हुँदा चालु आर्थिक बर्षका लागि तोकिएका लक्ष्यहरू समयमा नै प्राप्त गर्न विषयगत मन्त्रालयहरूसँग सहजीकरण गर्न समेत निर्देशन दिनु भयो। अर्थ मन्त्रालयबाट बजेट कार्यान्वयनका लागि आवश्यक कार्यविधि/मापदण्ड/निर्देशिका परिमार्जन तथा तर्जुमाको कार्य समयमै हुन सकेमा मात्र बाँकी अवधिमा नीति तथा कार्यक्रम र बजेटमा तोकिएका लक्ष्यहरू हासिल हुने बताउनु भयो। यसैगरी अर्थ मन्त्रालयले बहुवर्षीय ठेक्का तथा स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रमको मापदण्ड एवम् कार्यविधि तर्जुमा गर्ने कार्य शीघ्र सहजीकरण गर्न निर्देशन दिनु भयो।

कोभिड-१९ को जोखिम तथा संक्रमणको अवस्था रहेकोले सेवा प्रवाह गर्दा कार्यस्थलमा आफ्नो स्वास्थ्य सुरक्षामा सचेत रहदै कार्य सम्पादन गर्न निर्देशन दिनुभयो। कोरोनाको असहज परिस्थितिमा समेत पहिलो महिनाको प्रगति सन्तोषजनक रहेको बताउदैं अन्तर मन्त्रालय, महाशाखा र विभागको समन्वय प्रभावकारी बनाउन समेत आग्रह गर्नुभयो। सो अवसरमा सार्वजनिक ऋणको समय तालिका शीघ्र स्वीकृत गर्ने, अर्थतन्त्रमा कोभिडले पारेको प्रभाव निरन्तर बिश्लेषण गरी जानकारीमा ल्याउने, विद्यमान परिस्थितिको सदुपयोग गर्दै कार्यस्थलमा खटिएका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि अनलाइन तालिम सञ्चालन गर्न समेत निर्देशन दिनुभयो।

उक्त अवसरमा अर्थ सचिव शिशिर कुमार ढुङ्गाना, राजस्व सचिव रामशरण पुडासैनी तथा महालेखा नियन्त्रक गोपीनाथ मैनालीले समीक्षात्मक टिप्पणी गर्नु भएको थियो। कार्यक्रममा अर्थ मन्त्रालयका सबै महाशाखा प्रमुखहरु र बिभागीय प्रमुखहरुको उपस्थिति रहेको थियो।

(उत्तरकुमार खत्री)
सहसचिव/प्रवक्ता

भाद्र २, २०७७